बकैया गाउँपालिकाको

गाउँ सभाको बाह्रौ अधिवेशनमा

# उपाध्यक्ष श्री भक्त बहादुर खत्रीद्वारा

प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को

बजेट बक्तव्य


**बकैया गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**हात्तीसुँडे, मकवानपुर**

**बागमती प्रदेश, नेपाल**

श्रद्धेय अध्यक्ष महोदय,

१. अहिले हामी स्थानीय तहको दोश्रो निर्वाचन पश्चात गठित यस बकैया गाउँपालिकाको पाचौ वर्षको वार्षिक बजेट तथा कार्यक्रम पेश गर्ने संघारमा छौ । सिमित श्रोत साधनबाट जनताका असिमित इच्छा आकांक्षालाई सम्बोधन गर्न निश्चय पनि चुनौतिपुर्ण छ । तर राज्यले लिएको समृद्ध नेपाल सुखी नेपालीको दिर्घकालिन सोचलाई मुर्तरुप दिन चुनौतीलाई अवसरको रुपमा लिई अघि बढनुको विकल्प छैन ।

२. हालैका दिनमा अर्थतन्त्रमा सुधारका संकेतहरु देखिन थालेकोले स्थानीय सरकारले जनताको जीवनयापनलाई सहज बनाउदै मुलुकको अर्थतन्त्रलाई गतिशिल वनाउन सहयोग पुग्ने गरी स्थानीय सरकारको वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष ०८३/०८४ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु।

३. यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली जनताको स्वतन्त्रता तथा अमनचयन प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु । राजनैतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

४. गाउँपालिकाका विषयगत समिति, विभिन्न संघसंस्था, बुद्धिजीवी, वडासमिति र गाउँपालिकावासी दाजुभाइ तथा दिदीबहिनीहरुबाट विभिन्न समयमा प्राप्त सुझाव र प्रमुख रुपमा सम्मानित गाउँसभाले स्वीकृत गरेको आ व २०८३।०८४

को नीति तथा कार्यक्रमलाई प्रस्तुत बजेट तथा कार्यक्रमको मार्गदर्शनको रुपमा लिएको छु ।

५. आर्थिक वर्ष २०८२/८३ मा आन्तरिक श्रोतबाट प्राप्त हुने राजश्व लक्ष्य अनुरुप हासिल नभएको तथा संघ सरकारबाट प्राप्त हुने अनुदान रकममा भएको कटौतीको कारण योजना तथा कार्यक्रमको भुक्तानीमा परेको चाप बीच आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले गहन जिम्मेवारी बोध गरेको छु । यी चुनौतीलाई सम्बोधन गर्दै स्थानीय विकास र सुशासन मार्फत समग्र गाउँपालिकाको विकास र समृद्धिको यात्रालाई टेवा पुऱ्याउने ध्येयका साथ आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्न अनुमति चाहन्छु ।

६. राज्यले लिएको "समृद्ध नेपाल सुखी नेपाली"को दिर्घकालिन सोचलाई आत्मसात गर्दै स्वस्थ, सभ्य र सुसंस्कृत समाजको निर्माण गर्दै बकैया गाउँपालिकाको "सम्बृद्ध बकैया निर्माणको मुल आधार, स्वास्थ्य, शिक्षा, कृषि पर्यटन र वातावरणमैत्री पूर्वाधार" भन्ने दिर्घकालिन सोच हासिल गर्ने दिशामा आगामी वर्षको वजेट तथा कार्यक्रम लक्षित रहेको कुरा म सम्मानित सभाका सदस्यज्युहरुलाई विश्वास दिलाउन चाहन्छु ।

<u>श्रद्धेय सभाध्यक्ष महोदय,</u>

अव म चालु आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रमको समीक्षा गर्न अनुमति चाहन्छु ।

७. गाउँपालिकाको गत आर्थिक वर्ष २०८१/०८२ मा कूल विनियोजन ९३ करोड ७४ लाख ३ हजार ६५६ रहेकोमा वास्तविक आम्दानी ७० करोड

५२ लाख ९२ हजार ९९८ रुपैंयाँ मात्र भएको अवस्थामा यथार्थ खर्च ७५.२३ प्रतिशत रहेको छ ।

८. चालू आर्थिक वर्ष २०८२/०८३ मा कूल विनियोजन ९१ करोड ७२ लाख ५० हजार मध्ये ११ महिनाको अवधिमा चालू तर्फ रु ३७ करोड ६७ लाख ४६ हजार ५०१ अर्थात् स्वीकृत बजेटको खर्च ५९.२१ प्रतिशत खर्च भएको छ । २०८३ साल असार मसान्त सम्म यस्तो खर्च रु ५० करोड ९० लाख १५ हजार २०० अर्थात् स्वीकृत चालु खर्चको ८० प्रतिशत हुने संशोधित अनुमान छ ।

क) पूँजीगत तर्फ रु २८ करोड २ लाख ८१ हजार विनियोजन भएकोमा २०८३ साल जेष्ठ मसान्त सम्म रु १४ करोड ४२ लाख १८ हजार ४८७ अर्थात् स्वीकृत पूँजीगत खर्चको ५१.३३ प्रतिशत रहेको छ । २०८३ साल असार मसान्तसम्म पूँजीगत तर्फ रु २२ करोड ४७ लाख ८४ हजार ८०० अर्थात स्वीकृत पूँजीगत खर्चको ८० प्रतिशत हुने संशोधित अनुमान छ ।अन्य संघीय तथा प्रदेश शसर्त, समपुरक तथा विशेष अनुदानतर्फ ६० प्रतिशत प्रगति भएको छ ।

ख) राजस्व परिचालनतर्फ गत आर्थिक वर्ष २०८१/०८२ मा कूल आन्तरिक श्रोत ७० लाख रहेकोमा १ करोड ९१ लाख ५० हजार ७९५ संकलन भएको अर्थात ३०० प्रतिशत राजस्व आन्तरिक तर्फ वढी संकलन भएको साथै दहत्तर वहत्तर शुल्क र घरजग्गा रजिष्ट्रेसन स्थानीय राजस्व तर्फ १४ करोड ७८ लाख ६ हजार २५१ आय

अनुमान भएकोमा १ करोड ८४ लाख ६४ हजार २२५ रुपैया यथार्थमा १२.४९ प्रतिशत मात्र सङ्कलन भएको छ ।

ग) चालू आर्थिक वर्ष २०८२/०८३ मा आन्तरिक राजस्व तर्फ वार्षिक लक्ष्य १ करोड ५० लाख रहेकोमा चालु आर्थिक वर्षको ११ महिना अवधिसम्म गाउँपालिकाको आन्तरिक राजस्व रु १ करोड ५१ लाख ८६ हजार रुपैया अर्थात् आन्तरिक राजस्वको लक्ष्यको तुलनामा १०१.२४ प्रतिशत राजस्व संकलन भएको छ । यो प्रतिशत आर्थिक वर्षको अन्त्य सम्म १३०. प्रतिशत पुग्ने देखिन्छ । त्यसै गरी आ व २०८२।०८३ मा दहत्तर वहत्तर शुल्क र घरजग्गा रजिष्ट्रेसन समेत स्थानीय राजस्व तर्फ ७ करोड २२ लाख ८ हजार ४४ रुपैया आय अनुमान गरिएकोमा चालु आर्थिक वर्षको ११ महिना अवधिसम्म जम्मा १ करोड संकलन भएको छ । यसरी हेर्दा आन्तरिक श्रोत तर्फ अनुमान गरिए वमोजिम राजस्व संकलन भए पनि स्थानीय राजस्व तर्फ आय अनमान अनुसार राजस्व संकलन हुन सकेको छैन ।

९. आर्थिक वर्ष २०८२/८३ मा वडागत रुपमा विनियोजन गरिएको पूँजीगत बजेटको जेष्ठ मसान्तसम्मको भौतिक प्रगति ९० प्रतिशत भएकोमा असार मसान्तसम्म सम्झौता भएको योजनाको हकमा ९८ प्रतिशत तथा स्वीकृत

कार्यक्रमको लक्ष्यको अनुपातमा करिव ९५ प्रतिशत भौतिक प्रगति हुने देखिन्छ । श्रोतमा रकम अभावका कारण केहि योजना सञ्चालनमा कठिनाई देखिन्छ ।

१०. गाउँपालिका स्तरमा जेठ मसान्तसम्मको भौतिक प्रगति ७० प्रतिशत भएकोमा असार मसान्तसम्ममा पूँजीगत बजेटको भौतिक प्रगति ८५ प्रतिशत हुने संशोधित अनुमान छ ।

११. **चालु आ.व.मा निम्न वमोजिमका केहि महत्वपूर्ण आयोजनाहरु सफलता पूर्वक सम्पन्न भएका छनः**

अ. गाउँपालिकाको प्रशासनिक भवन निर्माण

आ. गवरस्थान खानेपानी योजना

इ. भिरकोट चौतारा राघने सुख्खा भिरकोट चौतारा सडक

ई. कोलखहरे हिरामुनी कुवापानी सडक

उ. जीतपुर कोलखोप ठिंगन तामेचौर सडक

ऊ. दशघरे ठाडापाखा वड्केथुम देउवुजे खानेपानी योजना

१२. **चालु आ.व.मा निम्न वमोजिमका केहि महत्वपूर्ण आयोजनाहरु निर्माण सूचारु रहेका छनः**

a. १५ शैया बकैया आधारभूत अस्पताल भवन

b. चिस्यान केन्द्र

c. श्रीपुर सुधा गढवान सडक

d. भिमसेन दमार कालीदमार ठिंगन सडक

e. जुरेली खेल मैदान स्तरोन्नति

f. औद्योगिक ग्राम भित्र साइलेज भण्डारण घर निर्माण

g. वुद्ध माविको भवन निर्माण

h. विभिन्न ३ वटा गुम्बा निर्माण तथा स्तरोन्नति

१३. गाउँपालिकाको विशेष पहल र साझेदारीमा बकैया कृषि औद्योगिक ग्राममा चिस्यान केन्द्र निर्माण प्रारम्भ भएको छ । पालिकाको विशेष पहलमा हिरामुनी खहरेमा पुल निर्माण सम्पन्न भएको छ । जुरेली घुम्ति सडक तथा हात्तीसुडे शिखरपुर मन्थली सडक निर्माणाधिन रहेको छ

**श्रद्धेय सभाध्यक्ष महोदय,**

१४. अव, म गाउँपालिकाबाट सञ्चालित सामाजिक तथा आर्थिक पूर्वाधार तर्फका महत्वपुर्ण कार्यक्रम र सोको उपलव्धिलाई प्रस्तुत गर्ने अनुमति चाहन्छुः

क) बकैया औद्योगिक ग्रामबाट नियमित रुपमा पशु आहार दाना तथा साइलेज उत्पादन गरिनुका साथै चालु आर्थिक वर्षमा TMR उत्पादन तथा कस्टम हायरिङ सेवाको प्रारम्भ गर्ने अन्तिम तयारीमा रहेको छ ।

ख) कृषि तथा पशुपालन क्षेत्र क्रमशः व्यवसायिकरण हुदै छ । दुधको दैनिक उत्पादन क्षमता उल्लेख्य रुपमा वृद्धि भएको छ । कृषि तथा पशुपालन क्षेत्रको सुदृढीकरण गरी रोजगारी सिर्जना गर्दै कृषकको आय आर्जनमा वृद्धि भएको छ ।

ग) SEE लक्षित क्लोज क्याम्प सञ्चालन गरी नतिजामा सुधार गरिएको छ ।

घ) गर्भवती तथा सुत्केरी महिला तथा आपतमा परेका व्यक्तिहरुलाई एम्बुलेन्स सेवा निशुल्क गराइएको छ। गाउँपालिकाबासीलाई निशुल्क रक्त सञ्चार सेवा उपलव्ध गराउदै आइरहेको छ ।

ङ) सवै स्वास्थ्य संस्थाहरुको न्यूनतम गुणस्तर मापदण्डलाई सुधार गरिएको छ ।

च) करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न सुरुवात गरिएको छ ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८३/०८४ को वजेटका लक्ष्य, उद्देश्य र प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**लक्ष्यः**

क) "स्वास्थ्य, शिक्षा, कृषि र पर्यटन क्षेत्रको सर्वाङ्गिण विकास मार्फत सम्बृद्धि हासिल गर्न सम्बृद्ध बकैया निर्माणको मूल आधार स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन र वातावरणमैत्री पूर्वाधारको विकास गर्ने"

**वजेटका उद्देश्यः**

क) कृषि उत्पादकत्वमा अभिवृद्धि गरी द्रुत आय आर्जनका अवसरहरु सिर्जना गरेर उच्च आर्थिक वृद्धि हासिल गर्नु,

ख) गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण गर्दै रोजगारीको अवसर सिर्जना गरी सर्वसाधारणको जीवनस्तरमा सुधार ल्याउनु,

ग) शिक्षा स्वास्थ्य लगायत आधारभूत सेवा तथा संरचनाहरुमा सवैको पहुँचको सुनिश्चितता गर्नु,

घ) समावेशी विकासको माध्यमबाट समाजमा व्याप्त असमानता न्यूनिकरण गरी विकासमा सवैको अपनत्व सुनिश्चित गर्नु,

ङ) सुशासन तथा सामाजिक न्यायको प्रत्याभूति गर्नु,

**वजेटका प्राथमिकताः**

क) कृषिक्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण

ख) कृषि उद्यमको माध्यबाट स्वरोजगार सिर्जना

ग) दिगो, भरपर्दो र गुणस्तरीय भौतिक पूर्वाधार

घ) गुणस्तरीय शिक्षा र आधारभुत स्वास्थ्य सेवाको सुदृढीकरण

ङ) सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिवृद्धि र सुशासनको प्रत्याभूति

**श्रद्धेय सभाध्यक्ष महोदय,**

अब म यिनै लक्ष्य, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर आगामी आर्थिक वर्षको वित्तिय व्यवस्थापन तथा बजेट विवरण प्रस्तुत गर्दछु :-

१. आर्थिक वर्ष २०८३/०८४ मा यस बकैया गाउँपालिकालाई वित्तिय हस्तान्तरण बापत नेपाल सरकारबाट वित्तिय समानिकरण तर्फ प्राप्त हुने जम्मा १३ करोड २० लाख, राजस्व वाडफाँड १६ करोड १४ लाख ७३ हजार, सशर्त अनुदान चालु तर्फ ३३ करोड, पुजिगत ४ करोड गरी जम्मा ३७ करोड, समपुरक अनुदान ७० लाख प्राप्त हुने अनुमान रहेको छ । त्यस्तै, प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण तर्फ १ करोड १२ लाख ७ हजार, राजस्व वाडफाँड ५ करोड ७३ लाख १९ हजार ५१५ प्राप्त हुने अनुमान रहेको छ । प्रदेश सशर्त अनुदान चालु तर्फ रु २ करोड १४ लाख ६९ हजार, पुजिगत ४० लाख गरी जम्मा रु २ करोड ५४ लाख ६९ हजार, प्रदेश समपुरक अनुदान तर्फ रु २ करोड २५ लाख र प्रदेश विशेष अनुदान ६३ लाख प्राप्त हुने अनुमान रहेको छ । आन्तरिक श्रोत तर्फ ४ करोड ६७ लाख ७५ हजार ४८५, स्थानीय राजस्व बाँडफाँड तर्फ ५ करोड ५० लाख गरी आम्दानी तर्फ

कुल रु ८९ करोड ५० लाख ४४ हजारको अनुमानित वजेट प्रस्तुत गरेको छु ।

२. कुल वजेट मध्ये पूँजिगत तर्फ २५ करोड ५७ लाख २५ हजार र चालु तर्फ ६३ करोड ९३ लाख १९ हजार खर्च प्रस्ताव गरेको छु । कुल विनियोजित वजेटमध्ये पुँजीगत तर्फको भार २८ दशमलव ५७ प्रतिशत र चालु तर्फको भार ७१ दशमलव ४३ प्रतिशत रहेको छ ।

३. सशर्त अनुदान वाहेक कुल विनियोजित वजेट मध्ये विषयक्षेत्रगत रुपमा आर्थिक विकास तर्फ रु ३ करोड ९६ लाख ७५ हजार, सामाजिक विकास तर्फ १० करोड ३३ लाख ५० हजार, पुर्वाधार विकास तर्फ ९ करोड ३७ लाख ५० हजार, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ६२ लाख ७५ हजार र विभिन्न कोष व्यवस्थापन तथा संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फ ६ करोड ३५ लाख ७५ हजार विनियोजन गरेको छु ।

४. सामाजिक विकासको क्षेत्रलाई आगामी आर्थिक वर्षमा विशेष प्राथमिकता दिएको छु । सामाजिक विकास पछि क्रमशः पुर्वाधार र आर्थिक विकास क्षेत्रलाई आगामी आर्थिक वर्षको वजेटमा प्राथमिकता दिएको छु ।

५. विभिन्न सामाजिक विकास क्षेत्रको लागि कुल वजेटको ३३.७० प्रतिशत खर्च गर्ने लक्ष्य सहित रकम विनियोजन गरेको छु ।

६. शिक्षाको गुणस्तर सुधारको लागि शिक्षा विकास योजना अनुरुप विद्यालय भौतिक सुधार, शैक्षिक गुणस्तर सुधार, बाल विकास केन्द्र व्यवस्थापन, शिक्षक तालिम, विद्यालय व्यवस्थापनलाई प्राथमिकतामा राखि ४ करोड ३५ लाख विनियोजन गरेको छु ।

७. गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन गरी स्थानीय सरकारलाई जनमुखी र उत्तरदायी वनाउन स्वास्थ्य क्षेत्रमा २ करोड ५६ लाख विनियोजन गरेको छु ।

८. कृषिको व्यवसायीकरण र आधुनिकीकरण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी गाउँपालिकालाई खाद्यान्न, दुध र मासुमा आत्मनिर्भर वनाउन कृषि तथा पशु कार्यक्रम सञ्चालन तर्फ २ करोड २८ लाख विनियोजन गरेको छु ।

९. गाउँ कार्यपालिकाको कार्यालयसँग करार सेवा सम्झौता गरी करार सेवामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्न निजहरुले खाइपाइ आएको पारिश्रमिकमा १० प्रतिशत वृद्धि गरेको छु । साथै सामाजिक सुरक्षा कोषको आवद्धतालाई निरन्तरता दिएको छु ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

१०. पालिका क्षेत्रका आम नागरिकहरुबाट पूर्वाधार विकासका लागि उच्च प्राथमिकता सहित माग हुँदै आएको सन्दर्भमा नागरिकको अपनत्व र स्वामित्व वोध हुने यस्ता पूर्वाधार विकासका आयोजनाहरुमा १० प्रतिशत लागत साझेदारी गर्ने नीति अवलम्वन गरेको छु ।

११. नेपाल सरकार र बागमती प्रदेश सरकारवाट प्राप्त हुने सशर्त अनुदान खर्च गर्ने सम्वन्धमा प्राप्त योजना तथा कार्यक्रमलाई अनुसुचीमा राखि सोहि बमोजिम स्वीकृत गर्ने प्रस्ताव गरेको छु ।

१२. आगामी आर्थिक वर्ष सञ्चालन हुने मुख्य मुख्य आयोजना र क्रियाकलापहरु, अनुमानित व्यय र श्रोत व्यवस्थापनको विवरण अनुसूचिमा प्रस्तुत गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

१३. यसै साथ बकैया गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३ र बकैया गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३ समेत सभा समक्ष पारित गरियोस भनि पेश गर्दछु ।

१४. आर्थिक वर्ष २०८२/०८३ को लागि ९१ करोड ७२ लाख ५० हजार को वार्षिक बजेट तथा कार्यक्रम गाउँसभाबाट स्वीकृत भई पालिका क्षेत्रभित्र विकास निर्माण कार्यलाई तिव्रता दिने उद्देश्यले गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार पालिका क्षेत्रका विभिन्न योजना तथा कार्यक्रम र अन्य प्रशासनिक खर्चको लागि विनियोजन गरी हालसम्म खर्च भएको अनुमानित रकम रु. ५४ करोड ४२ लाख ५८ हजार ९ सय १४ तथा यो आ.व. को बाँकी अवधिमा खर्च हुने रकम समेत यस गाउँसभाको बाह्रौ अधिवेशनबाट समर्थन एवं अनुमोदन हुन समेत प्रस्ताव गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

१५. हाम्रा आवश्यकताहरु असिमित छन, तर स्रोत र साधनहरु सिमित छन । सिमित स्रोत र साधनबाट समग्र बकैयावासीको चाहना र विकासलाई सम्बोधन

गर्न आफैमा चूनौतिपूर्ण छ । त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकतापूर्वक परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ । यस तर्फ सभाका सम्पुर्ण सदस्यज्यूहरुको सहयोग र सहकार्यको पूर्ण आशा लिएको छु ।

१६. वजेट निर्माण कार्यमा अहोरात्र खटिनु हुने वजेट तथा कार्यक्रम तर्जुमा समितका सदस्यज्युहरु, राजस्व परामर्श समितिका सदस्यज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका संयोजक एवं सदस्यज्यूहरु लगायत कार्यपालिकाका सम्पुर्ण सदस्यज्यूहरु, राजनीतिक दल, नागरिक समाज तथा राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !!!